'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## प्रशासन निर्देशनालय
## जनसाधन विभाग
## कर्मचारी प्रशासन महाशाखा
## केन्द्रीय कर्मचारी प्रशासन शाखा

पत्र संख्या २०७७/७८ के.क.प्र.शा. च.नं. 2429

मितिः २०७८/०१/३०

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय।
श्री ने.वि.प्रा.सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री कार्यकारी निर्देशकको सचिवालय।
श्री आन्तरिक लेखा परीक्षण विभाग।
श्री ईनर्जि ईफिसियन्सी तथा चुहावट नियन्त्रण विभाग।

विषयः परिपत्र।

निषेधाज्ञाको समयमा कार्यालय संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणबाट मिति २०७८/०१/३० मा तपशिल बमोजिम निर्णय (कार्यकारी निर्देशकस्तर) भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ।

तपशिलः

१. नेपाल सरकारले देशका अधिकांश जिल्लामा निषेधाज्ञा लागु गरेको हुँदा नेपाल विद्युत प्राधिकरणका कार्यालयबाट प्रवाह हुने अत्यावश्यक विद्युत सेवा प्रवाहमा प्रतिकुल असर पर्न नदिनका लागि कार्यालय प्रमुखले कर्मचारीहरु जगेडामा समेत रहने गरी टास्क फोर्स बनाई न्यूनतम कर्मचारीहरुबाट सेवा प्रदान गर्ने गराउने।

२. निषेधाज्ञा लागु भएका क्षेत्रमा पर्ने कार्यालयमा निषेधाज्ञा अवधिभरको लागि निषेधाज्ञाको कारण कार्यालयमा उपस्थित हुन नसक्ने दैनिक ज्यालादारी तथा सेवा करारमा लिईएका कामदारहरुलाई अभिलेख राखी नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा मासिक रु १३,४५०।- मध्ये जुन कम हुन्छ त्यही बराबर पारिश्रमिक दिने। गोटागन्तीमा मिटर रिडिङ्ग गर्न राखिएका कामदारको हकमा २०७७ माघ, फाल्गुण र चैत्र महिनामा लिएको पारिश्रमिकको औषत वा मासिक रु. १३,४५०।– मध्ये जुन कम हुन्छ त्यही बराबरको पारिश्रमिक दिने।

३. २०७८/०१/१६ गतेदेखि निषेधाज्ञा लागु भएका क्षेत्रमा पर्ने कार्यालयमा निषेधाज्ञा अवधिभरको लागि नोलाईट, मिटर सिकायत र मर्मत संभार कार्यमा खटाइएका कर्मचारीलाई त्यस्तो काममा खटाईएको अवधिको गणनाका आधारमा सुरु तलबको ५०% र दैनिक ज्यालादारी, तथा सेवा करारका कामदारहरुलाई खाइपाई आएको पारिश्रमिकका अतिरिक्त रु १३,४५०।- को ५०% थप भत्ता समेत दिने।


प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

प्रशासन निर्देशनालय
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेलः administration@nea.org.np

जनसाधन विभाग
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेलः hrd@nea.org.np

कर्मचारी प्रशासन महाशाखा
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेलः admindiv@nea.org.np

केन्द्रीय कर्मचारी प्रशासन शाखा
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
पि.ए. ☎ (आ.१००२)
इमेलः centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

जनसाधन विभाग

कर्मचारी प्रशासन महाशाखा

केन्द्रीय कर्मचारी प्रशासन शाखा

पत्र संख्या २०७७/७८ के.क.प्र.शा. च.नं.

४. २०७८/०१/१६ गतेदेखि निषेधाज्ञा लागु भएका क्षेत्रमा पर्ने कार्यालयमा निषेधाज्ञा अवधिभरको लागि मिटर रिडिङ्ग गर्न र महशुल संकलन गर्न काउण्टरमा खटाईएका कर्मचारीलाई खाइपाई आएको तलब भत्ताका अतिरिक्त सुरु तलबको ३०% र दैनिक ज्यालादारी, गोटागन्तीमा मिटर रिडिङ्ग गर्ने तथा सेवा करारका कामदारलाई खाइपाई आएको पारिश्रमिकका अतिरिक्त रु. १३,४५०।– को ३०% थप भत्तासमेत दिने।

५. २०७८/०१/१६ गतेदेखि निषेधाज्ञा लागु भएका क्षेत्रमा पर्ने कार्यालयमा निषेधाज्ञा अवधिभरको लागि ग्रिड सवस्टेशनको फिल्डमा खटाइएका मर्मत संभार टिमका कर्मचारीलाई खाइपाई आएको तलब भत्ताका अतिरिक्त सुरु तलबको ३०% र दैनिक ज्यालादारी तथा सेवा करारका कामदारहरुलाई खाइपाई आएको पारिश्रमिकका अतिरिक्त रु १३,४५०।- को ३० % थप भत्तासमेत दिने।

६. २०७८/०१/१६ गतेदेखि निषेधाज्ञा लागु भएका क्षेत्रमा पर्ने कार्यालयमा निषेधाज्ञा अवधिभरको लागि फिल्डमा खटिने प्रसारण तथा वितरण लाइन आयोजनाका कर्मचारी, प्रणाली संचालन विभाग, ग्रिड सवस्टेशन, वितरण सवस्टेशन एवं विद्युत उत्पादन केन्द्रका मर्मत संभार टिम तथा सिफ्ट ड्युटीमा खटिने कर्मचारीलाई खाइपाई आएको तलब भत्ताका अतिरिक्त सुरु तलबको २०% र दैनिक ज्यालादारी तथा सेवा करारका कामदारहरुलाई खाइपाई आएको पारिश्रमिकका अतिरिक्त रु १३,४५०।- को २० % थप भत्तासमेत दिने।

७. सेवा करारका कर्मचारीहरुलाई यसरी उपलब्ध गराईने तलब बाहेकको थप भत्ता सेवा प्रदायक संस्थामार्फत नभई कर्मचारीको खातामा सोझै भुक्तानी गर्ने व्यवस्था मिलाउने।

८. विभिन्न कार्यालयको कार्य प्रकृति अनुरुप कार्यालयमा आइ सम्पादन गर्न कार्यालय प्रमुखले आवश्यकता अनुसार कर्मचारी तथा कामदार खटाएको विवरण सहित त्यसरी खटाइएका जनशक्तिले तोकिएबमोजिम कार्य सम्पादन गरेको व्यहोरा सम्बन्धित विभागीय प्रमुखमार्फत उपकार्यकारी निर्देशकले प्रमाणित गरेपछि मात्र उल्लेखित अवधिको प्रोत्साहन भत्ता, अतिरिक्त समय कार्य भत्ता र थप भत्ता दिने। त्यसरी पेश गर्दा सम्बन्धित कार्यालय पर्ने जिल्लामा निषेधाज्ञा जारी भएको अवधि खुल्ने कागजातसमेत संलग्न गर्नुपर्नेछ। यसरी प्रमाणित नगरी भुक्तानी दिएमा कार्यालय प्रमुख र लेखा प्रमुख जिम्मेवार हुने। तर मिति २०७८/०२/०१ गतेदेखि अर्को व्यवस्था नभएसम्मका लागि नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय परिसर लगायत सम्पूर्ण निर्देशनालयमा इपिआर (EPR) भत्ता रोक्ने।


प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

प्रशासन निर्देशनालय
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेल: administration@nea.org.np

जनसाधन विभाग
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेल: hrd@nea.org.np

कर्मचारी प्रशासन महाशाखा
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेल: admindiv@nea.org.np

केन्द्रीय कर्मचारी प्रशासन शाखा
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
पि.ए. ☎ (आ.१००२)
इमेल: centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

'उज्यालो नेपालको संवाहक'
# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
प्रशासन निर्देशनालय
जनसाधन विभाग
कर्मचारी प्रशासन महाशाखा
केन्द्रीय कर्मचारी प्रशासन शाखा

पत्र संख्या २०७७/७८ के.क.प्र.शा. च.नं.

९. कोरोना संक्रमणको महामारीका कारण अत्यधिक कर्मचारीमा संक्रमण देखिई काउण्टर संचालन हुन नसकेमा सम्बन्धित वितरण केन्द्रको प्रस्ताव एवं प्रादेशिक/डिभिजन कार्यालयको सिफारिसका आधारमा नेपाल विद्युत प्राधिकरण कोभिड १९ जोखिम व्यवस्थापन समितिमार्फत निर्णय सिफारिस गराई वितरण तथा ग्राहक सेवा निर्देशनालयबाट स्वीकृत गरी एम.पावर सिस्टममा होलिडे सेटअप गर्ने। मिटर रिडिङ्ग गर्न नसक्ने अवस्था भएमा अघिल्लो वर्षको सोही महिनाको खपतको आधारमा विलिङ्ग गर्ने, अघिल्लो वर्ष पनि कोभिडका कारण मिटर रिडिङ्ग नभएको भए सोभन्दा अघिल्लो वर्षको खपतको आधारमा विलिङ्ग गर्ने। सो समेत एकिन हुन नसक्ने नयाँ ग्राहकको हकमा अघिल्लो महिनाको खपतको आधारमा विलिङ्ग गर्ने।

१०. नेपाल विद्युत प्राधिकरण कोभिड १९ जोखिम व्यवस्थापन समितिको सिफारिस बमोजिम संलग्न स्थानहरुमा सम्बन्धित जिल्ला कोभिड १९ संकट व्यवस्थापन समिति(DCCMC) संगको समन्वयमा आइसोलेशन/क्वारेन्टाइन निर्माण सम्बन्धी निर्णयहरु कार्यान्वयन गर्ने। सो व्यवस्थापन गर्न कार्यालयमा बजेट अभाव भएमा नेपाल विद्युत प्राधिकरण कोभिड १९ जोखिम व्यवस्थापन समितिमार्फत कार्यकारी निर्देशकबाट स्वीकृत गराउन सकिने।आफ्नो कार्यालयका संक्रमित कर्मचारीको विवरण तत्काल NEA-CCMC समक्ष जानकारी गराउने।

२०७८/०१/३०
......................
(बासु कलौनी)
प्रमुख

बोधार्थ:
श्री उपकार्यकारी निर्देशकज्यू, प्रशासन निर्देशनालय।
श्री कानून विभाग।
श्री पदपूर्ति विभाग।
श्री सामान्य सेवा विभाग।
श्री कर्मचारी कल्याण महाशाखा।
श्री विभागीय कारवाही शाखा।
श्री जनशक्ति योजना तथा विकास शाखा।

प्रधान कार्यालय: दरबारमार्ग, काठमाडौं

प्रशासन निर्देशनालय
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेल: administration@nea.org.np

जनसाधन विभाग
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेल: hrd@nea.org.np

कर्मचारी प्रशासन महाशाखा
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेल: admindiv@nea.org.np

केन्द्रीय कर्मचारी प्रशासन शाखा
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
पि.ए. ☎ (आ.१००२)
इमेल: centraladmin@nea.org.np

कम्प्युटर कक्ष: ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५